# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

## खण्ड (४) संख्या (६) बाराहा, उदयपुर, कोशी प्रदेश, नेपाल

### भाग-२

### लिम्चुङबुङ गाउँपालिकाको एक्साभेटर सञ्चालन कार्यविधि २०७७

पहिलो संशोधन, २०७८/१०/२५ गते

दोस्रो संशोधन, २०८०/२/२६ गते

तेस्रो संशोधन २०८०/८/१४ गते

चौथो संशोधन २०८१/११/२१ गते

लिम्चुङबुङ गाउँ सभाको वैठकबाट स्वीकृत भएको ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०७४ अनुसार सर्वसाधारणको जानकारीका लागी प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको कार्यविधि नं. ०६

# लिम्चुङबुङ गाउँपालिका एक्साभेटर सञ्चालन सम्वन्धि कार्यविधि, २०७७

**प्रस्तावनाः**

लिम्चुङबुङ गाँउकार्यपालिकाको कार्यालयमा रहेको एक्साभेटरको मितव्यायी र प्रभावकारी ढङ्गले सञ्चालन तथा व्यवस्थापन लगायतका प्रयोजनको लागि एक्साभेटर सञ्चालन कार्यविधि वाञ्छनिय देखिएकोले लिम्चुङबुङ गाउँपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास लगायत यस क्षेत्रका अन्य छिमेकी गाउँपालिका तथा गाउँपालिकाहरुमा समेत निर्माण गरिने भौतिक पूर्वाधारका कार्यहरुमा समेत निर्माण गरिने भौतिक पूर्वाधारहरुमा प्रयोग गर्नका लागि लिम्चुङबुङ गाउँपालिकाले यो कार्यविधि तयार गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम एक्साभेटर सञ्चालन सम्वन्धि कार्यविधि, २०७७ रहने छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिका बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः**

(क) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) नियमावली भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई आधार मानी कार्यान्वयनमा आउने नियमावलीलाई सम्झनु पर्दछ ।

(ग) गाउँपालिका भन्नाले लिम्चुङबुङ गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) गाउँसभा भन्नाले लिम्चुङबुङ गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(ङ) प्रमुख भन्नाले लिम्चुङबुङ गाउँकार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(च) उपप्रमुख भन्नाले लिम्चुङबुङ गाउँकार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(छ) गाउँकार्यपालिका भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २ (ङ) मा भएको उल्लेखित व्यवस्थालाई सम्झनु पर्दछ ।

(ज) प्रमुख प्रशासकिय अधिकृतभन्नाले लिम्चुङबुङ गाउँकार्यपालिका कार्यालयको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) वडाअध्यक्ष भन्नले लिम्चुङबुङ गाउँकार्यपालिका वडाअध्यक्षहरुलाई सम्झनु पर्दछ ।

(झ) इन्जिनियर भन्नाले लिम्चुङबुङ गाउँकार्यपालिका कार्यालयको इन्जिनियरलाई सम्झनु पर्दछ ।

(ञ) कार्यालय भन्नाले लिम्चुङबुङ गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य**

लिम्चुङबुङ गाउँकार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकासका कार्यक्रमहरू, स्थानीय गाउँबासी, सङ्घसंस्था तथा अन्य विकास आयोजनाहरू तथा छिमेकी गाउँपालिका तथा गाउँपालिकाहरूका विकास कार्यक्रमहरूमा माग भएअनुसार प्राथमिकताका आधारमा ब्याकु लोडर प्रयोगमा पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नु नै कार्यविधिको प्रमुख उद्देश्य रहने छ ।

**४. सञ्चालन विधि**

लिम्चुङबुङ गाउँकार्यपालिकाको कार्यालयमा रहेको एक्साभेटर सञ्चालनका लागि देहायको प्रकृया पुरा भए पश्चात् मात्र फिल्डमा खटाइनेछः

१. (क) एक्साभेटर माग गर्ने व्यक्ति वा संस्थाबाट तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

क. माग निवेदन उपर कार्यालयबाट एक्साभेटर उपलब्ध गराउने निर्णय भए पश्चात तोकिएको भाडा दर अनुसार व्यक्ती/संस्थाले प्रयोग गर्न चाहेको अवधिको लागि लाग्ने भाडा रकमको गणना गरी धरौटी रकम रु, १००००। राजश्व शाखामा बुझाई सो वापतको भर्पाई लिनु पर्ने छ ।

(ख) एक्साभेटर माग गर्ने व्यक्ति वा संस्थाले गाउँ कार्यपालिकाको कार्यालयले तोकेको शुल्क बुझाए पश्चात् गाउँपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाईने छ । यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ खटाउने व्यवस्था मिलाईने छ ।

(ग) एक्साभेटर अपरेटरलाई गाउँकार्यपालिकाको कार्यालयको स्वीकृत लिखित आदेशबिना कुनै स्थान विशेषमा मेशिन लगि काम गर्ने गराउने अधिकार रहने छैन ।

(घ) निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल गाउँ प्रमुख/कार्यालय प्रमुखलाई खबर गरि थप कार्यआदेश लिएर थप समयको रकम अग्रिम गाउँपालिकामा जम्मा गर्न लगाएरमात्र मेशिन सञ्चालन गर्नु पर्नेछ ।

(ङ) मेशिन प्रयोग गरे बापत प्रतिघण्टा वा दिनको शुल्क निर्धारण गरि तोकिए बमोजिम हुनेछ ।

(च) मेशिन फिल्डमा खटाउदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाव गणना गरी लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले बुझाउनु पर्नेछ ।

(छ) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरि कार्यालय फिर्ता भएपश्चात् मेशिन अपरेटरले कामको विवरणसहित मिटरको तोकिए बमोजिमको अद्यावधिक अभिलेख भरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(ज) अभिलेख अद्यावधिकका लागि कार्यालयबाट आवश्यक फारामहरू तथा सवारी लक बुकको व्यवस्था गरिने छ ।

(झ) गाउँकार्यपालिकाको कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गरिनेछ ।

(ञ) एक्साभेटर काममा खटीई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा अपरेटरको तथा योजना शाखा वा प्राविधिक शाखाको सिफारिसका आधारमा मात्र कार्यालय प्रमुखको आदेशको आधारमा सञ्चित समय वापत हुन आउने रकम माग गरेको एक हप्ताभित्र चेकद्वारा फिर्ता गरिनेछ ।

(ट) गाउँपालिको कार्यपालिकाको निर्णय अनुसार एक्साभेटर प्रयोग गर्दा यो व्यवस्था लागु हुने छैन ।

**२. उपभोक्ता समिततको हकमा देहाय बमोजिम हुनेछः**

क. उपभओक्ता समिति मार्फत हुने कामको लागि कुनै प्रकारको धरौटी रकम आवश्यक प्रने छैन ।

ख. लिम्चुङबुङ गाउँपालिकाको बजेट, संघीय सरकारको बजेट, प्रदेश सरकारको बजेट वा स्थानीय पूर्वाधार विकास कार्यक्रमको बजेटबाट उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरुको हकमा एक्साभेटर प्रयोगको लागि उपभोक्ता समितिले कार्यालयसंग सोझै सम्झौता गरि आयोजना सम्पन्न भए पश्चात एकमुष्ट विलबाट एक्साभेटरको खर्च कटौती गरि भुक्तानी गरिने छ ।

ग. कार्यालयको एक्साभेटर प्रयोग गरे बापत कै प्रकारको पेश्की रकम उपलब्ध गराईने छैन ।

**५. इन्धन तथा मर्मत सम्वन्धी व्यवस्थाः**

(क) मेशिन अपरेटरले इन्धन तथा लुव्रिकेन्टस माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ । इन्धन तथा लुव्रिकेन्टस खपतको अद्यावधिक लगत मेशिन अपरेटरले तयार गरि इन्जिनियरको सिफारिससहित कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

@ ५(क)(१). ईन्धन तथा लुब्रिकेन्टस् खरिद गर्दा सभाले विनियोन गरेको बजेटलाई कार्यपालिकाको निर्णय बमोजिम ईन्धन खरिद तथा कार्य सम्पन्नता गर्न सकिनेछ ।

(ख) इन्धन तथा लुब्रिकेन्टस र मर्मतसम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

(ग) मेशिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयबाट वर्कसपमा चेक जाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भए पश्चात मात्र मर्मत सम्भारको कार्य गरिनेछ ।

(घ) मर्मत सम्भारको कार्य गर्दा गराउदा मेशिन अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ ।

ङ. एक्साभेटर बाट प्राप्त भएको आम्दानीलाई छुट्टै अभिलेख राखिनेछ । उक्त रकमबाट आवस्यक पर्ने इन्धन, कर्मचारी खर्च र मर्मतका लागि खर्च गर्न सकिनेछ ।

## @ ६. एक्साभेटर सञ्चालन शुल्क

कुनै व्यक्ति, सङ्घ संस्था वा उपभोक्ता समितिबाट एक्साभेटर माग भै आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ ।

| सि.नं | कामको प्रकार | इन्धन लगायत अन्य खर्च सहित प्रति घण्टा (बकेट) | इन्धन लगायत अन्य खर्च सहित प्रति घण्टा (ब्रेकर) | इन्धन बाहेक (बकेट) | ईन्धन बाहेक (ब्रेकर) |
|---|---|---|---|---|---|
| १ | लिम्चुङबुङ गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | रु, ५६९८ | रु, ६६९८ | रु, २५०० | रु, ३५०० |
| २ | लिम्चुङबुङ गाउँपालिका क्षेत्रभित्र अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित योजनाहरु | रु, ५६९८ | रु, ६६९८ | रु, २५०० | रु, ३५०० |
| ३ | लिम्चुङबुङ गाउँपालिका क्षेत्र भन्दा बाहिर अन्य छिमेकी नगरपालिका वा गाउँपालिका क्षेत्र भित्र भएका योजनाहरु | रु, ६००० | रु, ७००० | रु, २५०० | रु, ३५०० |

## ७. कर्मचारी व्यवस्था

* (क) एक्साभेटर सञ्चालनका लागि आवश्यक पर्ने अपरेटर १ जना सार्वजनिक खरिद ऐन, २०६३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सेवा करार गरिनेछ । करार सेवाको लागि छनौट गर्दा करार सम्झौतामा घटाघटमा कममा काम गर्न ईच्छुकलाई प्राथमिकता दिईने छ र एक्साभेटर चालकलाई मेशिन चलाए बापतको तपसिलको भत्ता समेत उपलब्ध गराईनेछ ।

तपसिलः

| सि.नम | कामको प्रकृति | प्रति घण्टा रेट (रु) |
|---|---|---|
| १ | बकेट प्रयोग | ३०० |
| २ | ब्रेकर प्रयोग | ४०० |

(ख) अपरेटरले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरीत काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फि करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गरिने छ ।

---

पहिलो शंसोधन- *

तेस्रो शंसोधन- @

\# ८. एक्साभेटर व्यवस्थापन तथा सञ्चालन समिति

क. लिम्चुङबुङ गाउँपालिकाको स्वामित्वमा रहेको एक्साभेटर सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिम एक सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| *# | १. लिम्चुङबुङ गाउँपालिकाको उपाध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य | संयोजक |
| | २. पूर्वाधार विकास समिति संयोजक | सदस्य |
| | ३. आर्थिक प्रशासन प्रमुख | सदस्य |
| | ४. गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत ईन्जिनियर | सदस्य |
| | ५. जिन्शि शाखा प्रमुख | सदस्य |
| *# | ६. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य सचिव |

ख) समितिले एक्साभेटर सञ्चालन शुल्कको पुनरावलोकन, मेसिन सञ्चालन तथा ब्यवस्थापनको लागि थप निर्देशन लगायतका कार्यहरु गर्ने छ ।

**ग. सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

१. गाउँपालिकाको एक्साभेटरको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कार्यविधि, मापदण्ड, निर्देशिका आदी निर्माण गरी कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने ।

२. एक्साभेटर सञ्चालनको क्रममा आइपर्ने समस्याहरुको समाधान गने ।

३. एक्साभेटरको भौतिक सुरक्षाको व्यवस्थापन गने ।

४. एक्साभेटर सञ्चालनको क्रममा खर्च हुने इन्धन, डिजेल, मोलबि, मर्मत सम्भार आदिको लेखाङ्कन गरी चौमासिक रुपमा कार्यपालिकामा पेश गने ।

५. एक्साभेटरमा हुने खर्च तथा आम्दानीको विवरण सर्वसाधारणको लागि सार्वजनिक गर्ने ।

६. एक्साभेटर अपरेटर तथा हेल्परको कार्यसम्पादनको अभिलेख राख्ने ।

७. एक्साभेटरको प्रभावकारी सञ्चालनको नीतिगत व्यवस्थापनको लागि कार्यपालिका समक्षा प्रस्ताव पेश गर्ने ।

८. कार्यपालिकाले तोकेको अन्य काम गर्ने ।

९. **विविध**

(क) मेशिनको माईलमिटर, घण्टा, मिनेट लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ ।

(ख) मेशिन अपरेटरलाई आवश्यक सहयोग पुर्याउनका लागि आवश्यक परेको खण्डमा १ जना सहयोगी समेतको व्यवस्था गर्न सकिने छ । यसरी खटिने सहयोगीले कार्यपालिकको निर्णय अनुसार दैनिक ज्यालादारीमा ज्याला पाउने ब्यवस्था मिलाईनेछ ।

(ग) मेशिन कार्यालयको पूर्ण नियन्त्रणमा रहनेछ । गाउँपालिकाका इन्जिनियर वा भण्डार प्रमुखले समेत मेसिन चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्ने छ ।

(घ) मेशिन फिल्डमा खटाउने नखटाउने सिफारिस योजना शाखा तथा ईन्जिनीयरको हुनेछ ।

(ङ) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा कार्यालयले थपघट वा संशोधन गर्न सक्नेछ ।

---

दोस्रो शंसोधन- #

चौथो संशोधन- *#

(च) मेशिनलाई क्षति नहुने गरी तोकिएको कार्य गर्नु पर्ने दायित्व चालकको हुने छ । ठूला ठूला रुख, ढलान आदी भत्काउने कार्य चालकले गाउँपालिकामा जानकारी गराएर प्राप्त निर्देशन बमोजिम मात्र गर्नु पर्ने छ ।

स्थानीय राजपत्र

## अनुसूची-१

### (एक्साभेटर माग निवेदनको ढाँचा)

मितिः .............

श्रीमान प्रमुख प्रशासकीय अधिकृत
लिम्चुङबुङ गाउँपालिकाको कार्यालय,
बाराहा, उदयपुर ।

विषयः एक्साभेटर उपलब्ध गरीपाउँ ।

यस लिम्चुङबुङ गाउँपालिकाको कार्यालयको एक्साभेटर आवश्यक परेकोले देहायको विवरण भरी माग गरेको छु/छौं । नियमानुसार लाग्ने शुल्क लिइ एक्साभेटर उपलब्ध गराई पाउँ ।

एक्साभेटर माग गर्नेलभ भर्नेः

| एक्साभेटर माग गर्ने व्यक्ति/ संस्था/उपभोक्ता समितिको नाम, ठेगाना | कामको विवरण | एक्साभेटर प्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

............................
माग गर्नेको दस्तखत

गाउँपालिकाको कार्यालय तर्फले भर्नेः

| गा.पा. बाट खटिने स्थान सम्म लाग्ने खर्च अनुमानित | माग गरिएको समय र दिन | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्नु पर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

...............................
ईन्जिनियर
पेश गर्ने

...............................
प्रमुख प्रशासकीय अधिकृत
सिफारिस गर्ने

राजश्व शाखाले भर्नेः

| रसिद नं र मिति | जम्मा गरिएको रकम | रकम बुझिलिनेको दस्तखत |
|---|---|---|
| | | |

............................
कार्यालय प्रमुख
स्विकृत गर्नेको दस्तखत

स्थानीय राजपत्र

## अनुसूची-२
## एक्साभेटर मर्मत सम्बन्धी निवेदनको ढाँचा

मितिः.................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत
लिम्चुङबुङ गाउँपालिकाको कार्यालय,
बाराहा, उदयपुर ।

विषयः एक्साभेटर मर्मत सम्बन्धमा ।

महोदय,
यस लिम्चुङबुङ गाउँपालिकाको एक्साभेटरको तपशिलको पार्टस्मा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु । श्रीमानको जो आदेश ।

तपसिलः

| समस्या आएको सामान वा पार्टस् को विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

............................
मेशिन अपरेटरको दस्तखत
नामः ..........................

ईन्जिनियरले भर्नुपर्नेः
उपरोक्त सामान फर्नुपर्ने र मर्मत गर्नुपर्ने देखिएकाले सिफारिस गर्दछु ।

....................................
हस्ताक्षर

स्थानीय राजपत्र

**अनुसूची-३**

**एक्साभेटर सञ्चालन लकबुक**

लिम्चुङबुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर ।

सवारी साधन नं ......................                    चालकको नाम,थरः...................

| सि.नं | मिति | कामको विवरण | शुरु अंक (घण्टा, मिनेट) | अन्तिम अंक (घण्टा, मिनेट) | जम्मा घण्टा, मिनेट | ईन्धन खर्च (अनुमानित) | अन्य खर्च | चालकको हस्ताक्षर | उ.स.बाट प्रमाणित गर्नेको नाम, थर र हस्ताक्षर | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

सिफारिस गर्ने
ईन्जिनियर

रुजु गर्ने
लेखा शाखा प्रमुख

प्रमाणित गर्ने
कार्यालय प्रमुख

२०७७/०५/१२

आज्ञाले
टार्जन कुमार लिम्बु
(प्रमुख प्रशासकीय अधिकृत)

प्रकाशित मितिः २०७७/५/२१

स्थानीय राजपत्र